शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः १ | मितिः २०८२/०३/०६

## भाग — २

## शुक्लाफाँटा नगरपालिका

## कभर्ड हल संचालन सम्वन्धी कार्यविधि , २०८२

**स्वीकृत मिति- २०८२/०३/०२**

**प्रस्तावना :** शुक्लाफाँटा नगरपालिकामा खेलकुद तथा शारिरीक व्यायामका माध्यमबाट स्वास्थ्य सक्षम, मर्यादित , अनुशासित खेलाडी र सृजनशिल नागरिक तयार गर्न , खेलकुदको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न तथा खेलकुदको विकास , विस्तार र प्रवर्द्धन गर्न र खेलकुदका माध्यमबाट शुक्लाफाँटा नगरपालिकालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पहिचान गराउनका लागि योग्य खेलाडी र स्वस्थ्य नागरिक उत्पादन गर्नका लागि सुविधा सम्पन्न खेलकूद प्रशिक्षण केन्द्र को आवश्यकतालाई मध्यनजर गरी यस नगरपालिकाले शु.न.पा. वडा नं. १० र वडा नं. १ मा सुविधा सम्पन्न कभर्ड हल निर्माण गरि कभर्ड हल संचालन सम्वन्धी कार्यविधि २०८२ स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद — १

१. संक्षिप्त नाम र प्रारम्भ :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको नाम कभर्ड हल संचालन सम्वन्धी कार्यविधि, २०८२ रहेको छ ।

परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कभर्ड हल संचालन सम्वन्धी कार्यविधि , २०८२ लाई सम्झनु पर्ने छ।

२. यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

३. नगरपालिका भन्नाले शुक्लाफाँटा नगरपालिका झलारी कंचनपुरलाई जनाउने छ ।

४. अध्यक्ष भन्नाले कभर्ड हल संचालन सम्वन्धी निर्देशिका २०८२ बमोजिम गठन गरिएको समितिको अध्यक्षलाई सम्झनु पर्ने छ ।

५. सदस्य भन्नाले कभर्ड हल संचालन सम्वन्धी निर्देशिका २०८२ बमोजिम गठन गरिएको समितिको सदस्यलाई सम्झनु पर्ने छ ।

६. सदस्य सचिव भन्नाले कभर्ड हल संचालन सम्वन्धी निर्देशिका २०८२ बमोजिम गठन गरिएको समितिको सदस्य सचिलाई लाई सम्झनु पर्ने छ ।

७. **उदेश्य —** यस शुक्लाफाँटा नगरपालिकामा खेलकुद तथा शारिरीक व्यायामका माध्यमबाट स्वस्थ्य सक्षम, मर्यादित , अनुशासित खेलाडी र सृजनशिल नागरिक तयार गर्न , खेलकुदको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न तथा खेलकुदको विकास , विस्तार र प्रवर्द्धन गर्न र खेलकुदका माध्यमबाट शुक्लाफाँटा नगरपालिकालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पहिचालन गराउनका लागि योग्य खेलाडी र स्वस्थ्य नागरिक उत्पादन गर्ने ।

**८. कभर्ड हल संचालन, संरक्षण सम्वर्द्धन गर्नका लागि देहाय बमोजिम नगर स्तरिय मुल समिति रहनेछ ।**

क) नगर प्रमुख — अध्यक्ष

ख) नगर उपप्रमुख -सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

घ) सामाजिक विकास समिति संयोजक - सदस्य

ङ) कार्यापालिकाबाट मनोनित २ जना महिला - सदस्य

च) सम्वन्धि वडाको वडा अध्यक्ष - सदस्य

छ) नगर खेलकुद विकास समिति अध्यक्ष — सदस्य

ज) शिक्षा शाखा प्रमुख — सदस्य सचिव ।

## परिच्छेद — २

### १. कभर्ड हललाई मर्यादित र व्यवस्थित रुपले संचालन गर्न गठित समितिको काम कर्तव्य र अधिकार

क) नगरपालिका क्षेत्र भित्र खेलकुदको विकासका लागि अवलम्वन गर्नु पर्ने नीति , रणनीति , र कभर्ड हल संचालनका लागि आवश्यक निर्देशन जारी गर्ने ।

ख) कभर्ड हल लाई व्यवस्थित र मर्यादित रुपमा संचालन गर्नका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्ने ।

ग) नगर क्षेत्र भित्रका विभिन्न विधाका खेल प्रेमी तथा भेट्रान खेलाडीलाई कभर्ड हल प्रयोग गर्नका लागि एकरुपता कायम गर्ने वातावरणको निर्माण गर्ने ।

घ) यस नगर क्षेत्रभित्र बनेको कभर्ड हल लाई नमुना कभर्ड हल बनाउन का लागि आवश्यक पर्ने रणनीति तर्जुमा गरि लागु गर्ने ।

ङ) शुक्लाफाँटा नगरपालिका भित्र रहेका कभर्ड हल हरुलाई उचित व्यवस्थापन र संचालन गर्नका लागि नगर खेलकुद विकास समिति गठन गरि गठित नगर स्तरिय खेलकुद विकास समितिलाई जिम्मा दिनसकिने छ ।

च) यस शुक्लाफाँटा नगरपालिका अन्तर्गत निर्माण गरिएका कभर्ड हललाई समय सापेक्ष अनुसार सुधार गर्नका लागि विभिन्न खेलकुद विधा संग सम्वन्धित खेलाडी तथा खेल विज्ञहरुको राय परामर्स लिने सकिनेछ ।

२. संरक्षक - यस शुक्लाफाँटा नगरपालिका अन्तर्गत निर्माण गरिएका कभर्ड हलको मुख्य संरक्षक शुक्लाफाँटा नगरपालिका हुने छ ।

३. समितिको बैठक - कभर्ड हल संचालन र व्यवस्थापनका लागि यस कार्यविधि अन्तर्गत गठन गरिएको मुल समिति र नगर खेलकुद विकास समितिको संयुक्त बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ भने आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बोलाई आवश्यक निर्णय लिन सक्नेछ ।

## परिच्छेद — ३

**१. कभर्ड हलको कोष सम्वन्धि व्यवस्था -**

देहाय बमोजिमको शिर्षकबाट आम्दानी प्राप्त गरि कभर्ड हल संचालनका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ ।

क) भेट्रान खेलाडीबाट दैनिक रु ३५ ( पैतीस) र मासिक रु १०००।— (एक हजार) सहयोग स्वरुप प्राप्तहुने रकम ।

ख) विभन्न संघ संस्था , क्लब, शैक्षिक संस्था तथा खेलाडी टिम बनाई खेलकुद प्रतियोगिता मा प्रतिशप्रर्धा गर्न आउने खेलाडीहरुले कभर्ड हल प्रयोग गरे पछि टिम दर्ता दस्तुर रु १०००।- सहयोग स्वरुप प्राप्तहुने रकम ।

ग) नेपाल सरकार बाट कभर्ड मर्मत संभार का लागि दिईने अनुदान रकम ।

घ) स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त सहयोग रकम ।

२. कोषको संचालन - नगर खेलकुद विकास समिति का अध्यक्ष र शुक्लाफाँटा नगरपालिकाले तोकेको व्यक्तीको संयुक्त हस्ताक्षबाट संचालन हुने गरि छुट्टै बैक खाता खोलि कभर्ड हल कोषको संचालन गरिनेछ ।

३. कभर्ड हल संचालन गर्दा वार्षिक रुपमा प्राप्त भएको कुल आम्दानी मध्ये २५ % रकम नगरपालिको कार्यालयको बैक खातामा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद — ४

**विविध —**

१. संसोधन गर्ने अधिकार — यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन गर्नु पर्ने देखिएमा नगर स्तरिय मुल समितिको बैठकबाट बहुमतबाट निर्णय गराई संसोधन गर्नु पर्ने बुदा संसोधनका लागि कार्यपालिकाको बैठकमा पेश गरि संसोधन गर्न सकिनेछ ।

२. कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै अस्पष्टता आएमा यसको बाँधा अडचन फुकाउने अधिकार नगरकार्यपालिका मा सुरक्षित रहनेछ ।

३. कार्यविधिमा मा उल्लेखित प्रावधानहरु संविधान र प्रचलित कानून संग बाझिने गरि राखिएको पाईएमा बाँझिएको हद सम्म अमान्य हुनेछन ।

**आज्ञाले,**

**खेम राज बिष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**